सरूमारानी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा ,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बङ्गाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. : ०७८/०७९

च.नं.

## सूचना !सूचना !!सूचना !!!

(प्रथम पटक सूचना प्रकाशन मिति २०७८/१२/१६ गते)

विषय :गणक जनशक्ति करारमा लिने सम्बन्धमा।

प्रस्तुत विषयमा मुलुकभरका कृषकहरुको विवरणलाई ३ वटै तहका सरकारको पहुँच रहने गरी व्यवस्थित गर्ने र सोही आधारमा आगामी वर्षहरुमा संचालन हुने कृषि तथा पशुपालन सम्बन्धि कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट समावेश भए अनुसार संघीय सरकारबाट सशर्त शिर्षकमा बजेट विनियोजन गरी किसान सूचीकरण कार्यक्रम संचालन गर्न बजेट व्यवस्था भए अनुसार सरुमारानी गाउँपालिकाको ६ वटै वडाहरुमा किसान सूचीकरण तथ्यांक संकलनका लागि तपशिलको संख्यामा तथ्यांक संकलक/गणक आवश्यक परेको हुँदा न्युनतम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७८/१२/३० गते) भित्रमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.स. | पद | माग संख्या | न्युनतम योग्यता | छनौट विधि | सेवा सुविधा |
|---|---|---|---|---|---|
| १. | गणक | १८ जना (प्रत्येक वडामा३ जनाको दरले) | १२कक्षा उत्तिर्ण गरेको। | निश्चित मापदण्डको आधारमा सर्टलिष्ट र अन्तरवार्ता। | किसान सूचीकरण तथा तथ्यांक कार्यक्रम कार्यान्वयन कार्यविधिले तोके अनुसार। |

१.विशेष प्राथमिकता:

- कम्प्युटर र इन्टरनेट सम्बन्धि राम्रो ज्ञान भएको।
- एन्ड्रोइड वा स्मार्ट मोवाइल भएको।
- कृषि तथा पशु विज्ञान विषयमा जे.टी./जे.टी.ए. उत्तिर्ण गरेको।
- राष्ट्रिय स्तरको गणक तथा सर्वेक्षण कार्यमा अनुभव हासिल गरेको।

२.आवश्यक कागजातहरु:

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- पासवर्ड साइजको फोटो २ प्रति।
- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि।
- तालिम तथा अनुभव सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि।

३. कामको विवरण: किसान सूचिकरणका लागि कृषि तथ्यांक संकलन गरी सफ्टवेयरमा प्रविष्ट गर्ने।

४. उमेर: १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)।

५.दरखास्त बुझाउने स्थान: सरुमारानी गाउँपालिका पशु सेवा शाखा/कृषि विकास शाखा बङ्गाँडा,प्यूठान।

६. थप जानकारीको लागि सम्पर्क नम्बर :९८६८६९८२६१/९८४७९५६७४०

चिन्तामणि रेग्मी

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकिय अधिकृत